मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २२७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार १९ गते बुधबार (Wednesday, 3 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

डढेलोले,
- वन मात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदुषण बढाउँछ ।
- भूक्षय बढाउँछ ।
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावरको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कांग्रेस र एमालेबीच अब सत्ता सहकार्य

# ओली र देउवा आलोपालो प्रधानमन्त्री

**काठमाडौँ, असार १८।** संसदका दुई ठूला शक्तिबीच सत्ता सहकार्य भएको छ ।

संघीय संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सत्ता समीकरणका लागि सहमति गरेका हुन् । संविधान संशोधनलगायत कार्यसूची (एजेण्डा)सहित सहमतिको नयाँ सरकार बनाउन उनीहरुकाबीच सहमति भएको हो । सहमति भएको भनिएको सहमतिको खाका सार्वजनिक भने गरिएको छैन ।

नयाँ सत्ता समीकरणसहितको सहमतिपत्रमा कांग्रेस सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र एमाले अध्यक्ष पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सोमवार राति नै हस्ताक्षर गरेका छन् । प्रमुख ती दुई दलका बीचमा निर्वाचन प्रणालीलगायतका विषयमा संविधान संशोधन गर्न सुझाव आयोग बनाउने समझदारी पनि बनेको बताइएको छ ।



दुवै पार्टीले आन्तरिक रूपमा थप छलफल गरेपछि नयाँ बन्ने सरकारमा मन्त्रालयगत जिम्मेवारी सम्बन्धी निष्कर्षमा पुग्ने जनाएका छन् । सहमति अनुसार एमाले अध्यक्ष ओली र नेपाली कांग्रेस सभापति देउवा आलोपालो प्रधानमन्त्री बन्ने भएका छन् । शुरुमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री बन्न लागेका हुन् ।

नयाँ सत्ता समीकरणका लागि सभापति देउवा र अध्यक्ष ओलीबीच केही दिन नियमित रूपमा छलफल हुँदै आएको थियो । सोमबारको कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको बैठकमा सभापति देउवाले अध्यक्ष ओलीसँग यही असार १५ गते भएको भेट सकारात्मक भएको जानकारी गराए । लोकतान्त्रिक प्रणालीमा सबैभन्दा ठूलो दलले सरकार चलाउने र दोस्रो ठूलो दल प्रतिपक्षमा बस्ने अभ्यास हुन्छ । दुई ठूला दल एकैपटक सरकारमा जानुलाई असल लोकतान्त्रिक अभ्यास मानिँदैन । नेपालमा भने सम्भव भएसम्मका सबै विकल्पहरुमा सरकार बन्दै आएका छन् ।

२०४६ सालयता नेपालको संसदीय अभ्यासमा चौथोपटक संसदका दुई ठूला शक्तिबीच सत्ता सहकार्य हुने भएको हो । २०५५ सालमा दुई ठूला दल कांग्रेस र एमाले पहिलोपटक सरकारमा सहभागी भएका थिए । कांग्रेस-एमालेको सरकारले २०५६ सालमा चुनाव गराएको थियो ।

२०६३ सालमा संसद पुनःस्थापनापछि बनेको सरकारमा पनि दुई ठूला दल कांग्रेस र एमाले सहभागी भएका थिए । कांग्रेसका गिरिजाप्रसाद कोइराला नै प्रधानमन्त्री बनेका थिए । सरकारमा भर्खर जनयुद्ध त्यागेर आएको माओवादी पनि सहभागी थियो । सरकारमा एमालेबाट पहिले केपी ओली, पछि साहना प्रधान (परराष्ट्रमन्त्री) र माओवादीबाट कृष्णबहादुर महरा (सञ्चारमन्त्री) ले नेतृत्व गरेका थिए । हालका राष्ट्रपति रामचन्द्र पौडेल शान्ति तथा पुनर्निमाण मन्त्री थिए ।

२०६६ सालमा एमालेका माधवकुमार नेपालको नेतृत्वमा बनेको सरकारमा पनि एमाले-कांग्रेसले सहकार्य गरेका थिए । तर, त्यसबेला यी दल संसदमा दोस्रो र तेस्रो हैसियतमा थिए । माओवादी पहिलो पार्टी थियो ।

दोस्रो संविधानसभा चुनावपछि २०७० सालमा कांग्रेस र एमाले मिलेर सरकार बनाएका थिए । कांग्रेसका सुशील कोइरालाले सरकारको नेतृत्व गरेका थिए भने एमालेबाट वामदेव गौतम उपप्रधानमन्त्री तथा गृहमन्त्री थिए । यो सरकारले नेपालको नयाँ संविधान जारी गरेको हो ।

**प्रधानमन्त्री प्रचण्डले राजीनामा नदिने**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राजीनामा नदिने भएका छन् । बालुवाटारमा बसेको पदाधिकारी बैठकले प्रधानमन्त्रीले विश्वासको मतको सामना गर्ने निर्णय गरेको सचिव देवेन्द्र पौडेलले बताए ।

उनले भने- 'प्रधानमन्त्रीले विश्वासको मतको सामना गर्ने धारणा बनाउनुभएको छ । हामीले पनि पार्टीको तर्फबाट एकमतले समर्थन गरेका छौं । विभिन्न पक्षसँग कुरा गर्छौं । रास्वपा, कांग्रेस र एमालेका विभिन्न पक्षसँग कुराकानी गरेर अगाडि बढ्ने सहमति भएको छ ।'

कांग्रेस र एमालेबीचको सहमतिपछि विकसित राजनीतिबारे छलफल गर्न दाहालले बालुवाटारमा बैठक डाकेका थिए । दुई ठूला दल मिलेपछि वैकल्पिक सरकार गठनको सम्भावना नरहेकाले राजीनामा दिएर राजनीतिक कदम चाल्न उपयुक्त हुने सुझाव केही नेताले दिएका थिए ।

राजीनामा दिँदा नयाँ सरकार गठनको बाटो खुल्ने थियो । त्यसो गर्दा प्रचण्डले एक महिनाभित्र विश्वासको मत लिन पाउने सुविधा संविधानले दिएको छ ।

**संविधान संशोधन मूल मुद्दा**

प्रतिनिधिसभामा अहिले मिश्रित निर्वाचन प्रणाली छ । प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सिट छ । दुवै मिलाएर २७५ जना तल्लो सदनका सांसद हुन्छन् ।

सरकार बनाउनको लागि १३८ सांसद चाहिन्छ । प्रतिनिधिसभामा समानुपातिकतर्फको यो भार रहेसम्म कुनै दलले पनि बहुमत ल्याउन सक्ने अवस्था नरहेको र त्यसले मुलुकमा राजनीतिक स्थायित्व पनि नदिने निष्कर्षमा देउवा र ओली पुगेका छन् ।

२०७९ मंसीरको चुनावमा गठबन्धन गर्दा समेत कुनै दलको पनि बहुमत आएन । बरु रास्वपालगायत अन्य साना दल निर्णायक बने । नयाँ हुन् वा कांग्रेस-एमाले बाहेकका अन्य दल, प्रतिनिधिसभामा त्यस्ता दललाई सरकार गठनमा निर्णायक हुनबाट रोक्न कांग्रेस-एमालेको उच्च तहमा सहमतिको प्रयास भइरहेको हो । 'प्रतिनिधि सभाबाट समानुपातिक निर्वाचन प्रणालीको भार घटाउने वा पूरै हटाउने गरी कुरा भइरहेको छ'- दुई नेताको छलफलबारे जानकार नेताले भने- 'बरु राष्ट्रियसभालाई पूर्ण समानुपातिक बनाउन सकिन्छ । यसबाहेक संघीयतामा सुधार गर्ने कुरामा पनि समझदारी बनेको छ ।'

संविधान संशोधन गर्न दुई तिहाई चाहिने भएकोले संसदका दुई ठूला दल मिल्नुपर्ने अवस्था आएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत बताउँछन् । 'मिश्रित निर्वाचन प्रणालीले झनै अस्थिरता बढायो । यद्यपि प्रत्यक्ष हुँदैमा सबै समाधान हुन्छ भन्ने होइन'- उनले भने- 'संविधानलगायत धेरै विषय छन् । अस्थिरतालाई कम गर्ने उपायहरू खोज्नुपर्छ भनेको हो । यस्तो स्थितिले निराशा मात्रै बढायो ।'

ओली निकट एमाले नेता डा. राजन भट्टराई पनि सत्ताकै लागि नभए पनि संविधानमा परिमार्जन र राजनीतिक स्थायित्वका लागि मुलुकका दुई ठूला शक्ति मिल्ने कुरालाई अन्यथा लिन नहुने बताउँछन् ।

'सामान्य अवस्थामा दुई प्रतिस्पर्धी शक्तिमध्ये एउटा सत्तामा र अर्को प्रतिपक्षमा रहनुपर्छ भन्ने हो'- उनी भन्छन्- 'तर, महत्वपूर्ण मुद्दामा सहकार्य पनि आवश्यक हुन्छ ।' संविधान संशोधनका लागि संसदको दुई तिहाई समर्थन आवश्यक पर्छ । कांग्रेस-एमाले मिलेपछि दुई तिहाईनजिक पुग्छ । 'मूल दलहरूबीचमै संविधान संशोधनका बारेमा समझदारी बन्नुपर्‍यो, किन यो आवश्यक छ भन्ने कुरामा'- डा. महत भन्छन्- 'समावेशितालाई हटाएर नभई प्रत्यक्षबाट पनि समावेशिता सुनिश्चित गर्नुपर्छ । यो पछि छलफल होला । दुई तिहाई बनाएर सहमति कायम गर्नुपर्छ । एमालेसँग मिल्नुको मूल कारण त्यही हुनसक्छ ।'

निर्वाचन प्रणाली संशोधन गर्ने कुरामा ओली सहमत भएको र विश्वास गरेर अगाडि बढ्न सक्ने देखिएको उनले बताए । तर, परिस्थिति अझै परिपक्क नभएको उनको भनाइ छ । 'हाम्रो मुद्दामा आधारित कुरा हो । यो नभई सरकारमा जानुको कुनै अर्थ छैन । मुद्दामा आधारित भएर समझदारी भयो भने हुन सक्ने हो, अहिले नै केही भन्न सकिने अवस्था छैन'- उनले भने । चुनावी गठबन्धन गर्न नहुने पक्षमा रहेका कांग्रेस र एमालेले ०८४मा एक्लाएक्लै दुई दल प्रतिस्पर्धामा उत्रने हो भने चुनावी परिणाम आफ्नो पक्षमा पर्ने विश्लेषण गरेका छन् ।

**राजनीतिक स्थायित्वका लागि**
**राष्ट्रिय सहमतिको सरकार : कांग्रेस**

नेपाली कांग्रेसले संविधानमा सामयिक संशोधन, राजनीतिक स्थायित्व र आर्थिक स्थिति सुधार गर्न नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग सत्ता समीकरणको सहमति गर्नुपरेको जनाएको छ ।

पार्टी सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा मंगलवार बसेको कांग्रेस पदाधिकारी बैठकले संविधान कार्यान्वयनका क्रममा देखिएका समस्या राष्ट्रिय सहमतिका साथ समाधान गर्न एमालेसँग सहमति गर्नुपरेको निष्कर्ष निकालेको हो ।

बैठकमा कांग्रेस प्रमुख सचेतक रमेश लेखकले कांग्रेस र एमालेबीच सोमबार राति भएको सत्ता समीकरणको सहमतिबारे जानकारी गराए । सोमबार दुई दलबीच

*(बाँकी अन्तिम पृष्ठमा)*

## नक्कली मेनपावर सञ्चालन गर्ने भारतीय पक्राउ



**काठमाडौं, असार १८।** नक्कली मेनपावर सञ्चालन गरेको आरोपमा प्रहरीले दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-५ बाइपासमा सम्बन्धित निकायबाट दर्ता नगरी सञ्चालन गरिएको जेडी मेनपावरका सञ्चालकलाई प्रहरीले पक्राउ गरेको हो । साथै अवैधरुपमा सञ्चालित मेनपावर पनि बन्द गरिएको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका डीएसपी रेशम बोहोराले बताए । प्रहरीका अनुसार श्रम तथा रोजगार कार्यालय बुटवलसँगको समन्वयमा मुम्बईका २४ वर्षीय निसर्ग रवीन्द्र राणे र सोही स्थानका ३७ वर्षीय जावेद मसिहलाई पक्राउ गरिएको हो ।

उनीहरूको साथबाट ल्यापटप, भारतीय आधार कार्ड, भारतीय बैंकको चेकबुक र डेबिट कार्ड बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका व्यक्ति र सामान आवश्यक कारबाहीका लागि श्रम तथा रोजगार कार्यालय बुटवललाई बुझाइएको छ । प्रशासनले बन्द गरिएको मेनपावरबाट पीडितलाई श्रम तथा रोजगार कार्यालय बुटवलमा सम्पर्क गर्न आग्रह गरेको छ ।

## 'मोबाइल अफ भयो, फोन गर्नुछ' भन्दै ...

**काठमाडौँ, असार १८।** काठमाडौँमा मोबाइल फोन चोरी गर्न सक्रिय समूहलाई प्रहरीले पक्राउ गरेको छ । चोरी गर्ने समूहले विशेष गरेर ट्याक्सी चालकहरूलाई आफ्नो निशाना बनाउने गरेका थिए ।

पक्राउ पर्नेमा सिन्धुली फिक्कल नगरपालिका-१ घर भई हाल चुच्चेपाटी बस्ने १९ वर्षीय नवराज सुनुवार, बाजुरा गढीमालीका नगरपालिका वडा नं. ९ हाल पहेंलो पुल बस्ने १९ वर्षीय सुशन थापा, उदयपुर गाईघाट घर भई हाल कपन बस्ने १९ वर्षीय प्रमेश सुन्दास र सोलुखुम्बू नाम्चे बजार घर भई हाल कपन बस्ने १९ वर्षीय दोर्जी तामाङ रहेका छन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यका अनुसार काठमाडौँका विभिन्न चोकमा रहेका ट्याक्सी स्टेण्डमा २/४ जनाको समूहमा गई पार्किङ गरी राखेका ट्याक्सी चालकसँग 'मेरो विदेशी पाहुनाको लगेज ठमेल लग्नुपर्ने, त्यो विदेशी पाहुनालाई फोन गर्नुपर्ने छ, अङ्ग्रेजीमा कुरा

*(बाँकी अन्तिम पृष्ठमा)*

## अर्जुनधारामा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम

**अमित खम्बू**

**अर्जुनधारा, असार १८।** झापाको अर्जुनधारा नगरपालिकामा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन हुने भएको छ ।

आगामी साउन १ गतेबाट २०८४ असार ३२ गतेसम्म नगरपालिकाको पूर्ण स्वामित्वमा सञ्चालन हुने उक्त कार्यक्रमको लागि मंगलबार एक कार्यक्रमकाबीच अर्जुनधारा नगरपालिका र साझेदार संस्था करुणा फाउण्डेशन नेपालबीच सम्झौता-पत्रमा हस्ताक्षर भएको छ ।

सम्झौता-पत्रमा नगरपालिकाकोतर्फबाट नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ र साझेदार संस्थाकोतर्फबाट फाउण्डेशनका व्यवस्थापक सन्तोष घिमिरेले हस्ताक्षर गरेका छन् ।

त्यसैगरी सम्झौता-पत्रको रोहवरमा नगर उपप्रमुख खड्गमाया पराजुली, प्रमुख प्रशासकीय अधिकृत तिलचन रिमाल, महिला तथा बालबालिका शाखा प्रमुख सूर्यमाला पन्धाक, फाउण्डेशनका कार्यक्रम अधिकृत अंकित पाठक, पालिका संयोजक सुरेन्द्र गिरी र अपाङ्गता स्वावलम्वन समाज अर्जुनधाराका अध्यक्ष केवल बानियाँले हस्ताक्षर गरेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको बाँच्न पाउने अधिकार प्राप्तिका निमित्त प्रदेश सरकारद्वारा जारी गरिएको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन निर्देशिका-२०७६ बमोजिम कोशी प्रदेशका विभिन्न पालिकाहरुमा कार्यक्रम सञ्चालनको लागि कोशी प्रदेश सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशन नेपालबीच २०७६ असोज ८ गते सम्झौता भएको थियो ।

सम्झौता-पत्रमा स्वामित्व, कार्यक्रम सम्झौताको अवधि, लागत साझेदारी, लेखाङ्कन र लेखा परीक्षण, कार्यक्रम सञ्चालनका मार्गदर्शन, सर्वेक्षण, समीक्षा, मूल्याङ्कन तथा प्रतिवेदन, विवाद समाधान तथा सम्झौता संशोधन, प्रचलित कानून बमोजिम हुने लगायतका सम्झौताका शर्तहरु उल्लेख गरिएको छ ।

कार्यक्रमका लागि निर्देशिकामा भएको व्यवस्था बमोजिम पहिलो दुई वर्षसम्म साझेदार संस्थाले मन्त्रालय र पालिकासँगै एक/एक तिहाइ लागत साझेदारी गर्नेछ र कार्यक्रम सञ्चालनको तेस्रो वर्षमा भने पालिकाले मन्त्रालयसँग लागत साझेदारी गर्नेछ । त्यसैगरी साझेदार संस्थाले कार्यक्रम सञ्चालनका लागि

*(बाँकी अन्तिम पृष्ठमा)*






# रोङ प्रतिभाको खोज : छानिए १५ फाइनलिस्ट

**गणेश अर्याल**

**इलाम, असार १८।** इलामको रोङ गाउँपालिकाले दूरदराजमा रहेका प्रतिभाको खोजी गर्न आयोजना गरेको प्रतिभा खोज कार्यक्रम 'रोङ गट ट्यालेन्ट'मा १५ जना फाइनलमा प्रवेश गरेका छन् ।

गायन, नृत्य र कविता विधामा पाँच/पाँच गरी १५ जनाले फाइनलको यात्रा तय गरेका हुन् । तीनवटै विधामा ३२१ प्रतियोगीलाई पछि पर्दै उनीहरू फाइनलमा प्रवेश गरेका हुन् । फाइनलमा प्रवेश गर्नेहरूमा कविता विधामा सामुएल गजमेर, अनिष राई , तिलकराज कोइराला , तेजकुमार चौलागाँई र सुस्मा राई फाइनलमा प्रवेश गरेको रोङ प्रतिभा खोज निर्देशक समितिले जनाएको छ । यस्तै, गायन विधातर्फ सौगात सुब्बा, हर्कमान सुन्दास, एलिना राई, अर्जुन खड्का र देवधन राई फाइनलका लागि छानिएका छन् ।




नृत्य विधामा निरुता राई, प्रज्ञा भुजेल, आरध्य अर्याल, सोनु लावती र सरस्वती मुखिया फाइनलमा प्रवेश गरेको समितिले जनाएको छ । 'रोङ गट ट्यालेन्ट' को फाइनल प्रतिस्पर्धा आगामी शनिबार हुने रोङ गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्बोले जानकारी दिए । फाइनल रोङ-३ स्थित पाम्कोल सहकारी भवनमा आयोजना गरिने उनले बताए । प्रत्येक विधामा विजेताले नगद पुरस्कारसहित विभिन्न आकर्षक उपहारहरू प्राप्त गर्नेछन् । 'यस वर्षको प्रतिस्पर्धामा रोङ गाउँपालिकाका विभिन्न प्रतिभावान कलाकारहरूले भाग लिएका छन् । फाइनलमा ५ जना उत्कृष्ट प्रतिभाको तीनवटा विधा प्रतियोगीहरूबीच कडा प्रतिस्पर्धा हुने अपेक्षा गरिएको छ'- अध्यक्ष स्याङ्बोले भने । आयोजक समितिले फाइनल प्रतिस्पर्धामा उपस्थित भएर कलाकारको हौसला बढाउन सबैलाई आव्हान गरेको छ । कार्यक्रमको प्रत्यक्ष प्रशारण पनि विभिन्न टेलिभिजन च्यानल र अनलाइन प्लेटफर्महरूबाट गरिने आयोजकले जनाएको छ ।

रोङ प्रतिभा खोजीले गाउँमा लुकेर रहेको धेरै प्रतिभाको पहिचान गरी उजागर गर्न सफल भएको गाउँपालिका अध्यक्ष स्याङ्बोले बताए ।


### श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

## कर्जा बुझाउन आउने बारे सूचना

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउन पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एव्म मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितीले ७ दिनभित्र आफुले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ। अन्यथा कालो सूचीमा राख्न लेखिपढाई सहकारी ऐन २०७४ बमोजीम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ।

**ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : रोहित कुमार विश्वकर्मा
बाबुको नाम : तिलक बहादुर विश्वकर्मा
बाजेको नाम : जित विश्वकर्मा
पत्निको नाम : सुधा विश्वकर्मा
ना.प्र.नं. : ०१२८४३३७ (झापा)
ठेगाना : विर्तामोड-०६
परिवारको जमानीकर्ता : सुधा विश्वकर्मा
बाबुको नाम : श्याम सुन्दर कामी
ना.प्र.नं. ०२/४८४८(झापा)
जमानीकर्ता : विरमान विश्वकर्मा
जमानीकर्ता : रमेश कालिकोटे

**२. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : पुष्पा पाठक
बाबुको नाम : यज्ञराज पाठक
बाजेको नाम : कृपानन्द पाठक
ना.प्र.नं. : ०१३८४३०५ (झापा)
ठेगाना : विर्तामोड-०३
जमानीकर्ता: मेनुका न्यौपाने
जमानीकर्ता: कमल सिहं राजवंशी

**३. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : जानुका देवी ढुगांना
बाबुको नाम : मान बहादुर अधिकारी
बाजेको नाम : दल बहादुर अधिकारी
पतिको नाम : प्रेमबहादुर ढुगांना
ना.प्र.नं. : ०२/४९८२ (झापा)
ठेगाना : विर्तामोड-०८
परिवारको जमानीकर्ता : प्रेम ढुगांना
जमानीकर्ता : अम्बिका खोयाहाङ
जमानीकर्ता : गोमादेवी बराल

**४. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : देविमाया राई
बाबुको नाम : पदम बहादुर राई
बाजेको नाम : वीर बहादुर राई
पतिको नाम :भीम बहादुर मगर
ना.प्र.नं. : ०२/३१०७ (झापा)
ठेगाना : विर्तामोड ०१
परिवारको जमानीकर्ता : तिल बहादुर मगर
बाबुको नाम : तेज बहादुर मगर
ना.प्र.नं. १३-०१-७१-०१७८५(ओखलढुङ्गा)
जमानीकर्ता : रमा कुमारी रेग्मी
जमानीकर्ता : सरिता ढकाल

**ऋण असुली उप-समिति**


# पानीजन्य रोगका बिरामी बढे

**झापा, असार १८।** मनसुनी वर्षासँगै यससँग सम्बन्धित रोगहरूको जोखिम बढ्न थालेको छ । अस्पतालहरूमा पानीजन्य रोग तथा सङ्क्रमणहरू लिएर बिरामीहरू आउने क्रम शुरु भएकाले सतर्कता अपनाउन चिकित्सकले सुझाएका छन् ।

बर्खाको समयमा दूषित पानीका कारण झाडापखाला, टाइफाइड, ज्वरो आउने, टाउको दुख्ने, जन्डिस तथा छालासम्बन्धी समस्या लिएर अस्पताल पुग्ने बिरामीहरू बढ्न थालेका छन् । वर्षाको समयमा खाना तथा पानीमा हेलचेक्र्याइँ गर्दा पानीजन्य रोगको सङ्क्रमण बढ्ने चिकित्सक बताउँछन् । यसको जोखिम अझै बढ्न सक्ने भएकाले सतर्कता अपनाउनसमेत उनीहरूले सुझाएका छन् ।

पानीजन्य रोगको सम्भावित जोखिम न्यूनीकरण गर्न ७ वटै प्रदेशमा सरोकारवाला निकायहरूसँग छलफल थालिसकेको इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । त्यसबाहेक चिकित्सकसहित प्रत्येक प्रदेशमा निदानदेखि उपचारका लागि १० जनाको रेपिड रेस्पोन्स टिमको समेत व्यवस्था गरेको महाशाखाले जनाएको छ ।

झाडापखाला, ज्वरो, टाउको दुख्ने लगायत समस्या देखिएमा तत्काल अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सकले सुझाव दिएका छन् ।

## अर्जुनधारामा ...

पालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

नगर प्रमुख तामाङको अध्यक्षतामा आयोजित कार्यक्रममा नगर उपप्रमुख पराजुली, फाउण्डेशनका व्यवस्थापक घिमिरे, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका केन्द्रीय सदस्य मदन बोहोरा, अपाङ्गता स्वावलम्वन समाज अर्जुनधाराका अध्यक्ष बाँनियालगायतले कार्यक्रमको विषयमा आफ्नो धारणा राखेका थिए । प्रमुख प्रशासकीय अधिकृत रिमालले कार्यक्रमको औचित्यसहित स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन महिला तथा बालबालिका शाखा प्रमुख पन्धाकले गरेकी थिइन् ।

## मोवाइल ...

गर्नुपर्छ मेरो मोबाइल स्वीच अफ भयो, तपाईंलाई अङ्ग्रेजी भाषामा कुरा गर्न आउँदैन होला तपाईंको फोन मलाई दिनुहोस् म कुरा गर्छु' भन्दै मोबाइल माग्ने गरेका थिए ।

मोबाइल पाएपछि फरार भई उक्त मोबाइलमा रहेका वालेट आईडी तथा मोबाइल बैंकिङमा अनधिकृत रूपमा पहुँच पुर्‍याएर उक्त वालेट उपत्यकाको विभिन्न स्थानमा रहेका कपडा पसल, रक्सी पसलका साथै नाइट क्लबहरूमा गई रकम खर्च गर्ने गर्थे । उपरीक्षक आचार्यका अनुसार कार्यालयबाट खटिएको अनुसन्धान टोलीले आइतबार काठमाडौंका विभिन्न स्थानबाट उनीहरुलाई पक्राउ गरेको हो ।

अनुसन्धानको क्रममा नवराज सुनुवारले काठमाडौंको विभिन्न स्थानमा पार्किङ गरी राखेका ट्याक्सी चालकसँग फोन गर्न मोबाइल मागी चोरेर भाग्ने र उक्त मोबाइलमा रहेका वालेट आइडी तथा मोबाइल बैंकिङमा अनधिकृत रूपमा पहुँच पुर्‍याई रकमान्तर गर्ने गरेका थिए । त्यस्तै सुशन थापाले सुनुवारले चोरेको मोबाइलहरू किनबेच गर्थे ।

प्रमेश सुन्दास सुनुवारसँग चोरी गर्ने कार्यमासँगै जान्थे भने दोर्जी तामाङले चोरेको सामान लिएर भाग्न सहयोग गर्थे । उनीहरूबिरूद्ध हालसम्म ३ जनाको जाहेरी परेको छ । उनीहरूले मोबाइल चोरी गरी हालसम्म २ लाख ७५ हजार ४१० रुपैयाँ रकम चोरी गरेको प्रहरीको भनाइ छ । चारै जनालाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

## ओली ...

संविधान संशोधनलगायत विषयमा सहकार्य गर्दै अघि बढ्ने सहमति भएको थियो ।

बैठकपछि कांग्रेस प्रवक्ता डा. महतले सञ्चारकर्मीसँग कुरा गर्दै अब एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले आलोपालो सरकारको नेतृत्व गर्ने र अन्य दललाई पनि समावेश गर्ने सहमति जनाएको जानकारी दिए । आगामी निर्वाचनसम्म एमाले र कांग्रेसले आलोपालोमा सरकारको नेतृत्व गर्ने र सरकारमा अन्य दललाई पनि संलग्न गराउने समझदारी भएको उनले बताए ।

**रास्वपा नयाँ सत्तागठबन्धनमा सहभागी नहुने**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेतृत्वको नयाँ सत्तागठबन्धनमा सहभागी नहुने भएको छ ।

मंगलवार बसेको पार्टी सचिवालय बैठकले वर्तमान सरकारबाट पार्टी बाहिरिने तर नयाँ गठबन्धनमा सहभागी नहुने निर्णय गरेको पार्टी सचेतक सन्तोष परियारले जानकारी दिए । उनले वर्तमान राजनीतिक घटनाक्रम अगाडि बढिसकेपछि अब हामी नयाँ गठबन्धनमा रहदैनौं । नयाँ सरकार बन्ने प्रक्रिया अगाडि बढ्ने वित्तिकै वर्तमान सरकारबाट बाहिरिन्छौं । दुई ठूला शक्ति सरकारमा रहनु लोकतान्त्रिक संस्कार विपरीत रहेको भन्दै सचेतक परियारले यो गठबन्धनले राजनीतिक स्थायित्व दिनेमा रास्वपा विश्वस्त नरहेको उल्लेख गरे ।


MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी । फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

## धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

**प्रथमपटक प्रकाशित २०८०/०१/१२)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपशिल बमोजिम कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैंकलाई बुझाउनुपर्ने ब्याज रकम समयमा नबुझाइ बैकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी,जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न २०७९/०९/२४गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना, मिति २०८०।०१।१२ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको ब्याज चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणिहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं। धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ सस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१/०३/२५) भित्र सोही कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दर्ता गर्न अन्तिम दिन/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ।

**तपसिल**

**शाखा कार्यालय, सुरुङ्गा, झापा (०२३-५५०३११, ९८०२३०२७४७)**

**१. सवारी कर्जा**

**ऋणी, प्रोपाइटर तथा जमानतकर्ताको तीनपुस्ते विवरण :**

नेपाल सरकार बाणिज्य तथा आपूर्ति मन्त्रालय बाणिज्य बिभाग अन्तर्गत घरेलु तथा साना उद्योग कार्यलय झापामा मिति २०७४/०३/०२ मा प्रा.फ.र नं. ४६४।९८४५।३।२ भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व बिभाग, आन्तरिक राजस्व कार्यालय दमक बाट मिति २०७०/०४/२७ मा स्थायी लेखा नं. (पान) दर्ता प्रमाणपत्र नं. ६०१२७५८९४को प्रमाणपत्र प्राप्त **शिवशक्ति ज्वेलर्स (प्रो.प्रतिमा बिश्वकर्मा)** ठेगाना : सतासीधाम गा.पा. ८, झापा ।

**प्रोपाईटर/ जमानतकर्ता : प्रतिमा विश्वकर्मा**
बावुको नाम : खड्ग ब. विश्वकर्मा
पतिको नाम : मान ब. विश्वकर्मा
ठेगाना : शिवसताक्षी न.पा. ०१, झापा
ना.प्र.नं. : ०४।१६७९
जारी मिति : २०६२।०९।१३, झापा

**जमानतकर्ता** नाम : राज लकान्द्री वि.क
बावुको नाम : मान बहादुर विश्वकर्मा
पतिको नाम : कुल बहादुर विश्वकर्मा
ठेगाना : शिवसताक्षी न.पा. ०१, झापा
ना.प्र.नं. : ०४-०२-७३-०१३९२
जारी मिति : २०७३।०३।१२, झापा

**लिलाम बिक्री हुने सम्पतिको बिवरण :**
१.मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको श्री प्रतिमा विश्वकर्मा को स्वामित्व रहेको कि.न. ३११२ क्षेत्रफल ०-२-०, तोपगाछी-६, झापा स्थित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. **नोटः बोल पत्र पेश गर्दा उल्लेखित लिलाम बिक्री हुने सम्पुर्ण जग्गाहरु वा कुनै छुट्टै जग्गाको लागी मात्र पनि कित्ता नं., क्षेत्रफल र रकम खुलाई छुट्टाछुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।**

**शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति :** २०८१/०३/२५ गते दिउंसो ४ बजेसम्म ।
**शिलबन्दी बोलपत्र बुझाउने स्थानः** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, प्रधान कार्यालय, महेन्द्रपथ धरान-१२, सुनसरी र शाखा कार्यालय, सुरुङ्गा झापा ।
**शिलबन्दी बोलपत्र खोल्ने स्थान :** मितेरी डेभलपमेन्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुरुङ्गा झापा, ।
**शिलबन्दी बोलपत्र खुल्ने मिति :** २०८१/०३/२६ गते
**शिलबन्दी बोलपत्र खुल्ने समय :** विहान ११:०० बजे ।

**पुनश्च : ऋणी तथा जमानतकर्तालाई उल्लेखित ७ दिन भित्र बैंकमा सम्पर्क राखी बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पतिको संरक्षण गर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।**



### भद्रपुर नगरपालिका
भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल

## डाक बढावढ सम्बन्धी सूचना

**तेश्रोपटक प्रकाशित मिति : २०८१।०३।१९**

यस नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथपटक प्रकाशित मिति २०८१।०२।१० गतेको सूचनाको शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय र मितिभित्र डाक बढावढ गर्न सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीका लागि कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला ।

**ठेक्काको विवरण**

| ठे. नं. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. मूल्य अभिबृद्धि कर वाहेक | डाक बढावढको लागि धरौटी रकम जम्मा गर्ने अन्तिम मिति र समय | डाक बढावढ गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| ६ | भद्रपुर-३मा रहेको ज्ञानेचोक सिरिजङ्गा हाट बजारमा लाग्ने दैनिक अस्थाई हाट बजार सेवा शुल्क | आ.व. २०८१।८२ १ (एक) बर्षको लागि | १,५०,०००।०० | २०८१।०३।२५ गते दिनको १ वजे सम्म | २०८१।०३।२५गते २.०० बजेदेखि कार्यालय समयसम्म |
| ७ | भद्रपुर १ र २ मा रहेको हिमाली र सोमवारेमा लाग्ने दैनिक अस्थाई हाट बजार सेवा शुल्क | आ.व. २०८१।८२ १ (एक)बर्षको लागि | १,००,०००।०० | | |
| ८ | भद्रपुर-५ स्थित न.पा पोखरी | आ.व. २०८१।८२ देखि २०८५।८६ ५ (पाँच) बर्षको लागि | ४०७,०००।०० | | |



### श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह
अर्जुनधारा ३ ,झापा

## सिलबन्दी वोलपत्र आव्हान सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मितिः २०८१/०३/१९**

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह, अर्जुनधारा-३, झापाले आ.व. २०८०/०८१मा समूहको वनबाट उत्पादित गोलीया घाटगद्दीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ,फर्म वा कम्पनीले यो सूचना पूर्वाञ्चल पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले ७ दिनभित्र सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपशिल**

**१) वन पैदावारको विवरण :-**

| सि.न. | लटर/ पायल न. | जात | थान | परिमाण | ग्रेडीङ/परिमाण | ग्रेडीङ | धरौटी | न्यूनतम रकम | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ३ | साल | ३९ | ५००।५० | १८६।८१<br>२६८।०४<br>४५।४९ | A<br>B<br>C | १०% | ४१०,९८३।-<br>५३६,०८०।-<br>८१,८८३।- | १५०।- | गोलिया |
| २. | ४ | साल | ३१ | ५०७।५९ | २१५।२४<br>२७२।९२<br>१९।२७ | A<br>B<br>C | १०% | ४७३,५२८।-<br>५४५,८४०।-<br>३४,६८६।- | १५०।- | गोलिया |
| ३. | ५ | साल | १० | ३०५।८४ | २१३।२३<br>९२।५८ | A<br>B | १०% | ४६९,१०६।-<br>१८५,१६०।- | १५०।- | गोलिया |

**२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय**
क. अन्तिम मिति २०८१/०३/२५ गते ख. समय ४:०० बजेसम्म
३. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको एक्सल डेभलपमेन्ट बैंक लि.मा रहेको खाता न. ०२९००२०००९८०२३००००१ नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।
४. बोलपत्र फारम प्रति लटको रु. २०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह वाट खरिद तथा दाखिला गर्न सकिने छ ।
५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको अर्जुनधारा ३,झापा र श्री डिभिजन वन कार्यालय भद्रपुर,झापा वाट पनि आवेदन फर्म उपलव्ध गर्न सकिने छ । साथै जुकेखाडी सामुदायिक वन उपभोक्ता समुह मा रहेको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।
६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ
७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०३/२६ गते समय २ बजे समूहका पदाधिकारी, वोलपत्र दाताका प्रतिनिधि, वनका प्रतिनिधि समेतको रोहवरमा खोलिने छ ।
८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । आवेदन फर्ममा वाहिर फर्मको नाम, ठेगाना, लट र पायल न. प्रष्ट उल्लेख गर्नुपर्ने छ ।
९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।
१०. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहीत रहनेछ ।

**सर्म्पक न. ९८६२५८८८८०, ९८५२६७३३२४**



## बिमालेख हरायो

झापाको बुधवारेबाट बर्ने जाने क्रममा यही मिति २०८१/०२/२५ गते मेरो निम्न व्यहोराको एलआईसी इन्स्योरेन्स कम्पनी लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- सपना राई
**ठेगाना**:- बुद्धशान्ति-३, झापा
**पोलेसी नं.**:- २०००१९११०
**कम्पनी नाम**: एलआईसी इन्स्योरेन्स कम्पनी लि.
**सम्पर्क**: ९८१७९७१४९८



## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढका[redacted]०९५/ ९८१७९९०२९९) ■ [redacted]भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ [redacted]ण्डारी ■ बजार व्यवस्थापक [redacted]३०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फो[redacted]०२/प्रशासन/विज्ञापन : ०२३-५[redacted]rwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# परिचयमा दाग नलागोस्

**सगरमाथा र भगवान बुद्धको देशका रुपमा परिचित नेपाललाई अहिले तस्करहरुको स्वर्गभूमि भन्न थालिएको छ । यसो भनिनुको मुख्य कारण भनेको सुन तस्करीको तथ्याङ्क नै हो । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीले विद्युतीय सामग्री र ब्रेक सुमा लुकाएर ३१ अर्ब रुपैयाँभन्दा बढीको सुन तस्करी भएको उल्लेख गरेको छ । गत साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय बिमान स्थलबाट लुकाएर ल्याएको ६० किलोभन्दा बढी सुन विभिन्न पाँच वटा कम्पनी मार्फत तस्करी भएको अनुसन्धानमा खुलेको थियो ।**

**सीआईबीका प्रमुख एआईजी श्यामलाल ज्ञवालीले पत्रकार सम्मेलनमा बोल्दै साठ्ठी किलो सुन तस्करीको अनुसन्धानका क्रममा थप बीस जनालाई पक्राउ गरिएको जानकारी दिए । तस्करले विभिन्न पाँच वटा नक्कली कम्पनी मार्फत विद्युतीय सामग्रीमा लुकाएर ठूलो परिमाणमा सुन भित्र्याएको अनुसन्धानमा खुलेको प्रहरी अतिरिक्त महानिरीक्षक ज्ञवालीको भनाइ छ । प्रजातन्त्रको उदयपछि सुन तस्करीको स्वरुप, मात्रा र तरिकामा भिन्नता आएको छ र नियन्त्रणको प्रयास गर्दा झन् बढेको छ । पछिल्लो लोकतन्त्र र गणतन्त्रको शासनकालमा सुन तस्करहरुको उचाइ झनै उकालिएको छ । तस्करहरुका बीचमा भागबण्डा नमिल्दा ज्यान मार्नेसम्मका घटना सामान्य जस्तै बनेको छ । अनुसन्धानका क्रममा तस्करहरुको आबद्धता र सम्पर्क ठूला राजनीतिक दलहरुसँगै जोडिएको र पक्राउबिरुद्ध दल र त्यसका नेता कार्यकर्ता सडकमै ओर्लिएका घटनाले तस्करको जालो कता जोडिएको छ प्रष्ट भएकै छ ।**

**देशको दुर्नाम गराउने सबैखाले भ्रष्टाचारको जालो तोड्ने दायित्व सरकारको हो । तस्करकै कारण व्यवसायीहरु बदनाम भएका छन् भने गरगहना क्षेत्र विभिन्न समस्यासँग संघर्ष गर्दैछ । वर्तमान सरकार र खासगरी गृह प्रशासनको तदारुकताले यसबेला अनियमितता र भ्रष्टाचार गर्नेहरु धमाधम पक्राउ पर्दैछन् । तर, तस्करीका मूल नाइकेहरु अझै पक्राउ पर्न सकेका छैनन् । उनीहरु पक्राउ नपर्नुमा राजनीतिक दलकै संरक्षकत्व रहेको भन्ने आवाज पनि आक्रोशका रुपमा प्रकट भइरहेको छ । यदि दल, नेता र सरकार अनुसन्धान नै गर्छ भने जता–जता अनुसन्धानको सुई तेर्सिन्छ त्यता–त्यता अनुसन्धान गर्न लाग्नुपर्छ । कसैलाई संरक्षण गर्ने, उन्मुक्ति दिने वा ढाकछोप गर्नेतर्फ नलागेर दोषी पाइएका जो कसैलाई कानूनको कठघरामा उभ्याइनुपर्छ । अन्यथा हाम्रो पछिल्लो परिचयको दाग झनै गहिरो हुनेछ ।**

# कांग्रेस र एमाले मिल्ने आधार



**अधिवक्ता प्रेमराज सिलवाल**

राजनीतिमा प्रतिष्पर्धा गर्दै आएका मुलुकका दुई प्रमुख पार्टीहरू मिल्ने अवस्था अत्यन्त दुर्लभ घटना हो । नेपालमा कांग्रेस-एमाले नै मुलुकका दुई मुख्य दल हुन् । २०४६ सालको राजनीतिक परिवर्तनपछि यी दुई दलहरू सधैंजसो सत्ता र प्रतिपक्षमा रहँदै आएका देखिन्छन् । यी दुई दलहरूले दुईखालका राजनीतिक विचारधारा, दुई ध्रुव वा दुई पक्ष र दुई खालको वैचारिक दर्शनको प्रतिनिधित्व समेत गर्दै आएका छन् ।

विश्व सत्ता-राजनीतिमा हेर्ने हो भने पनि देशका प्रमुख दुई दलबीचमा आमनेसामने प्रतिस्पर्धा हुने गरेको छ । अमेरिकी निर्वाचनहरूमा डेमोक्रेटिक र रिपब्लिकनबीचमा नै चुनावी र राजनीतिक-सामाजिक प्रतिस्पर्धा हुँदै आएको देखिन्छ । तिनका मुद्दाहरू र प्राथमिकताका क्षेत्र आपसमा विपरित र फरक-फरक छन् । भारतमा सयौं राजनीतिक दल भए पनि राष्ट्रव्यापी प्रतिस्पर्धा भारतीय जनता पार्टी (बिजेपी) र भारतीय कांग्रेस पार्टीका बीचमा हुने गरेको छ । जापान, बेलायत, पकिस्तान, बङ्लादेश आदि देशहरूको अनुभव र अभ्यास हेर्ने हो भने दुई दलका बीचमा नै मुख्य प्रतिष्पर्धा हुँदै आएको देखिन्छ । यी देशहरूमा पनि प्रमुख दलहरू नै मिलेर सत्ता सञ्चालन गरेको उदाहरण दुर्लभ हुन्छ । त्यस्ता घटना देखिँदैनन् । अर्थात्, मुख्य दलहरूका बीचमा सिधा राजनीतिक, वैचारिक टक्कर हुन्छ ।

राजनीतिक, वैचारिक, सामाजिक, साँस्कृतिक, आर्थिक, राष्ट्रिय-अन्तर्राष्ट्रियदेखि सबैजसो मुद्दामा फरक मत एवम् विचारधारात्मक भिन्नता रहने गरेको पाइन्छ । यहीकारण ती प्रमुख दलहरू आपसमा मिल्दैनन् । मिल्नु पनि हुँदैन । त्यसरी आफैं मिल्ने हो भने जनता र नागरिकको विरोध-समर्थन गर्ने आधार तथा मुद्दा नै कमजोर हुने हुन्छ । जनताले राजनीतिक अभिभावकत्व गुमाउने अवस्था बन्दछ । यसर्थ ती दलहरू मिल्ने आधार बनेको देखिन्न । नेपालको सत्ता राजनीतिमा पनि त्यही नियम लागू हुन्छ । यद्यपि, जहिल्यै त्यही स्थिति हुँदैन । कतिपय अवस्था र स्थिति त्यस्ता हुन्छन्- जतिबेला प्रमुख प्रतिष्पर्धामा रहेका ठूला दल अर्थात् नेपाली कांग्रेस र एमाले मिल्नुपर्ने अवस्था तथा बाध्यता आइपर्दछ । यस्ता-यस्ता अवस्थामा कांग्रेस-एमाले एकआपसमा मिल्नुपर्ने हुन्छ, जसलाई तल विवेचना गरिएका छन् । जसमध्ये धेरै वा कुनै एक अवस्था भएमा दुई ठूला दल मिल्नु पर्दछ । अर्को विकल्प हुँदैन ।

**लोकतन्त्र माथिको खतरा**

२००७ सालअघिको जहाँनिया राणा शासनको अन्त्यको लागि कांग्रेसले सशस्त्र युद्ध नै गर्‍यो । २०१७ साल पुस १ गते राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाएपछि ३० वर्षसम्म बहुदलीय प्रजातन्त्रको लागि कांग्रेस-कम्युनिस्ट निरन्तर संघर्षमा रहे । २०४६ सालको आन्दोलनमा संयुक्त मोर्चा भएर २०४६ साल फागुन ७ गतेदेखि आन्दोलन गरियो । सोही आन्दोलनले २०४६ साल चैत्र २६ गते राति बहुदल ल्यायो । अर्थात्, जतिबेला मुलुकमा लोकतन्त्र, प्रजातन्त्र र जनअधिकार माथि नै निरंकुशता थोपरिन्छ भने त्यस्तो अवस्थामा दुई ठूला दल मिल्नुको विकल्प हुन्न । सैनिक कु भएको खण्डमा पनि मिल्नुपर्ने अवस्था हुन्छ । २०५८ साल जेठ १९ गते राती दरबार हत्याकाण्ड भएपछि राजा भएका ज्ञानेन्द्रले २०५८ साल माघ १८ मा निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्त गरे । प्रजातन्त्र मास्ने काम भएपछि नेपाली कांग्रेस र एमाले मात्र होइन, सशस्त्र माओवादी समेत मिल्नुपर्‍यो । अर्थात्, यी र यस्ता लोकतन्त्र नै खतरामा परेको बेला दुई ठूला दल मिल्नै पर्दछ । अहिले त्यो अवस्था चाहिँ होइन ।

**प्राकृतिक विपत्ति**

प्राकृतिक विपत्ति अकल्पनीय हुन्छ । विपत्तिको पूर्व सूचना हुँदैन । कस्तो विपत्ति कसरी कहिले आउँदछ कसैले भन्न सक्दैन । यस्तो अवस्थामा मुलुकका प्रमुख दलहरू संकीर्ण राजनीतिक मुद्दा र राजनीतिक तुष पालेर बस्न मिल्दैन । आफ्ना मुद्दा थाँती राखेर आपसमा मिलेर नै मुलुक र समाजमाथि आइपरेका त्यस्ता विपत्तिको सामना गर्नुको विकल्प हुन्न । २०७२ साल बैशाख १२ र ३० गते नेपालको गोरखा केन्द्र बनाएर भीषण क्षति पुर्‍याउँदै भूकम्प आयो । त्यसको कसैले कल्पना गरेको थिएन । शनिबार दिउँसो १२ बजे आएकोले क्षति कम भयो । राति १२ बजे आएको भए के हुन्थ्यो ? तथापि नौ हजार बढीले ज्यानै गुमाए । १४ हजारभन्दा बढी घर भत्किए, ठूलो क्षति पुग्यो । त्यस्तो विपत्तिले कांग्रेस-एमालेलाई फेरि अर्को पटक एक ठाउँमा ल्यायो । सोही कारण २०७२ साल असोज ३ गते मुलुकले नयाँ संघीय गणतान्त्रिक संविधान पनि पायो । यसर्थ यस्तो अवस्थामा मिल्नुको कुनै विकल्प हुन्न । मिल्नै पर्दछ ।

**वैदेशिक हस्तक्षेप**

मुलुकमाथि कुनै छिमेकी वा अर्को देशको वैदेशिक हमला, दमन वा हस्तक्षेप भयो भने मुलुकका दुई ठूला दल एक ठाउँमा आउनै पर्दछ । विश्वमा त्यस्ता घटना थुप्रै देशमा भएका छन् । सन् १९६९ मा भेतनाममाथि अमेरिकी हमला भएपछि त्यहाँका सबै दल, नागरिक एक भएका थिए । पाँच लाख ४३ हजारभन्दा बढी अमेरिकी सेनाको मृत्यु भएपछि एक दशक लडेको अमेरिका युद्धबाट पछि हट्यो । अमेरिकाले ठूलो धनजनको क्षति सहित युद्ध हार्‍यो । यसकारण युद्ध, विदेशी हमला र आक्रमण भएको खण्डमा ठूला मात्र होइन सबै दल, समूह मिल्नुपर्ने अवस्था र बाध्यता आइपर्दछ । नेपालमा १८१६ अघिको सुगौली सन्धि हुनु पूर्व अङ्गेजसँग युद्ध भएको थियो । त्यस्तो अवस्था आएको भए पनि त्यतिबेला राजनीतिक दल नै खुलेका थिएनन् । अर्थात्, वैदेशिक हस्तक्षेप र हमला भयो भने कांग्रेस-एमाले जस्ता दल मिल्नै पर्दछ, मिल्दछन् ।

**संवैधानिक–राजनीतिक बाध्यता**

संविधानिक, कानूनी र राजनीतिक बाध्यता तथा आवश्यकताले पनि दुई ठूला दलहरू मिल्नै पर्ने अवस्था कहिलेकाँही आइपर्दछ । नेपालको संविधानको धारा २७४ मा संविधान संशोधनको लागि संघीय संसदको दुई तिहाइ आवश्यकपर्ने व्यवस्था गरेको छ । संविधान संशोधन गर्नुपर्ने राजनीतिक र कानूनी बाध्यता आइपर्‍यो वा वस्तुगत अवस्था तथा मुलुकको आवश्यकताले त्यो माग गर्‍यो भने कांग्रेस-एमाले जस्ता दुई प्रमुख दल मिल्नुको विकल्प देखिँदैन । मिल्नै पर्दछ । संविधानको धारा ८४ मा प्रतिनिधिसभाको गठन रहेको छ । जसमा प्रत्यक्षतर्फ एक सय पैसठ्ठी र समानुपातिकतर्फ एक सय दश सदस्य भएको संसदको व्यवस्था गरेको छ । निर्वाचन सम्बन्धी विषयमा संविधान संशोधन आवश्यक छ । प्रदेश सरकार पाँच देखि सात सदस्यमा सीमित गर्नुपर्दछ ।



समानुपातिकसहितको संवैधानिक प्रावधान राखिनु, थ्रेसहोल्ड केवल ३ प्रतिशत मात्र राखिनु जस्ता कारणले कुनै एक दलको मात्र बहुमत आउने कुरा दुर्लभ हुने अवस्था देखियो ।

थ्रेसहोल्ड न्यूनतम ५ प्रतिशत पुर्‍याउनु पर्दछ । विश्वमा ८ प्रतिशतसम्म थ्रेसहोल्ड रहेको देखिन्छ । जर्मनमा ५ प्रतिशत थ्रेसहोल्डसहित प्रत्यक्षतर्फ कम्तिमा एक सीट जित्नेले मात्र समानुपातिकतर्फ सिट प्राप्त गर्ने व्यवस्था रहेको छ । नेपालमा थ्रेसहोल्ड कम भयो । यसले गर्दा संसदमा आएको सिटको अवस्था र संख्याको कारण कतिपय राजनीतिक र कानुनी मुद्दाका कारण हल न चल (डेडलक)को स्थिति आइपर्दछ । आम निर्वाचनअघि दुई महिना होहल्ला गरेर ठूला पार्टीलाई युट्युबबाट तथानाम फौजदारी गाली गर्दै देशका विभिन्न स्थानमा चुनावमा मान्छे उठाउने तस्कर, ठगले समानुपातिकतर्फ सिट ल्याएर सरकार र सत्तामा मोलमोलाइ गर्ने संस्कृति देखिन्छ । यो रोक्नु पर्दछ । यसकारण संविधान संशोधन र राजनीतिक मुद्दाको राजनीतिक विकल्प दिएर मुलुकलाई अघि बढाउनुपर्ने बाध्यात्मक अवस्था अहिले आएको छ । अब कांग्रेस र एमाले जस्ता प्रमुख प्रतिष्पर्धी दलहरू आपसमा साझा राजनीतिक तथा कानूनी मुद्दाको हल गर्न मिल्नै पर्दछ । अहिलेको अवस्था यी र यस्ता संवैधानिक र राजनीतिक मुद्दाहरूसँग बढी केन्द्रित देखिन्छ ।


**आजको सन्दर्भ**

२०७९ सालमा भएको संघीय संसदको निर्वाचनमा कुनै पनि दल र गठबन्धन समूहले बहुमत ल्याएन । चुनाव हुनुपूर्व नै गठबन्धन गर्नु पनि ठीक होइन । यद्यपि, भारतमा त्यो प्रचलन पनि देखिन्छ । यसले नागरिकको आफ्नो ढङ्गले स्वतन्त्रतापूर्वक छनोट गर्न पाउने अधिकार माथि अङ्कुच, अड्चन थोपर्दछ । यस कारण मुलुकका राजनीतिक, संवैधानिक र कानूनी अस्थिरता बढिरहेको हो । संघदेखि प्रदेशका सरकार आजै ढल्ने र भोली नै नयाँ बन्ने गरेका देखिन्छन् । अपराधीलाई साँसद र मन्त्री बनाउनुपर्ने र बचाउनु पर्ने र सलाम ठोग्नुपर्ने बाध्यता आइलागेको देखिन्छ । यसले मुलुकको संवैधानिक, राजनीतिक प्रणालीप्रति नागरिकको अविस्वास तथा वितृष्णा बढ्दै गएको छ ।

संसदको तेस्रो दल माओवादीले दुई ठूला प्रमुख पार्टीहरूलाई 'बगलीमाराले आँखामा खुर्सानीको धुलो हालेर पाकेट मारे जस्तो' गरी अलमल्याइ सत्ताको ताला चाबी हात पारेको छ । जुन जनमतको अवमूल्यन हो । आधा दर्जनदेखि एक दर्जन सिट जितेका दलहरूको मोलमोलाईले लोकतन्त्र बदनाम पार्दैछ । मन्त्री खानको लागि राजनीतिक दल फुटाउनेक्रम बढेको छ । स्वतन्त्रताको उपभोग गर्ने नाममा अनेकथरि भुइँफुट्टा व्यक्ति र समूहले लोकतन्त्र, संवैधानिक प्रणाली र लोकतन्त्रको लागि जीवन अर्पण गरेका दल तथा नेतालाई तथानाम फौजदारी प्रकृतिका गालीगलोज गर्दै आएका छन् । केही पालिकामा जितेका पालिका प्रखुमहरू आफू अर्कै मुलुकको छुट्टै संवैधानिक अधिकार भएको सत्ता वा विरोधी देशको शासक जस्तो गरी व्यवहार गर्दै आएका छन् ।

लोकतान्त्रिक प्रणाली बदनाम बनाउन र गणतन्त्रप्रति भ्रम फैलाउन अनेक प्रकारका प्रतिगामी हर्कत गरिएका छन्, बढेका छन् । बैँक माफिया, भ्रष्टाचारी, अपराधी, सहकारी ठग र फौजदारी अपराध कार्यमा सक्रिया भएकाहरू नै उल्टो चर्का स्वरमा लोकतन्त्रमाथि हिलो छ्याप्दैछन् । यस्ता संवैधानिक-राजनीतिक अवस्था र बाध्यता भएकाले कांग्रेस र एमाले फेरि निश्चित उद्देश्य, शर्त र कार्य पूरा गर्नका लागि मिल्नैपर्ने बाध्यता आएको देखिन्छ । २०७९ सालमा भएको संघीय संसद र प्रदेशको निर्वाचन परिणामको सन्देश पनि त्यही थियो । अब यहाँ मूल कुरो चाहिँ कुन-कुन नेता प्रधानमन्त्री, मन्त्री बन्नेभन्दा पनि मुलुकको उल्लिखित संवैधानिक-राजनीतिक गाँठो फुकाएर देशलाई निकास दिने भन्ने चाहिँ हो, हुनु पर्दछ । *घटना र विचार*

# जामुनखाडी सिमसारमा पर्यटक घटे



पछिल्लो समय व्यवसायका रुपमा व्यक्तिगत पर्यटकीय स्थल सञ्चालनसँगै प्राकृतिक रुपमा स्थापना भएका पर्यटकीय स्थलहरुमा पर्यटकको आगमन घटेको छ । झापामा व्यवसायका लागि कृतिम रुपमा सञ्चालन भएका पर्यटकीय क्षेत्रमा मनोरञ्जनात्मक सामग्री साथै धेरै पर्यटकीय स्थल भएकाले पनि प्राकृतिक रुपमा स्थापना भएका पर्यटकीय क्षेत्रहरुमा पर्यटकहरु घटेका हुन् ।

झापाको कनकाई नगरपालिका- १ र २ स्थित जामुनबारी सामुदायिक बन उपभोक्ता समूह अर्थात् जामुनखाडी सिमसार पर्यटकीय पर्यटकीय क्षेत्रमा पनि पछिल्लो केही वर्षयता पर्यटक घटेको अध्यक्ष पर्शुराम गिरीले जानकारी दिए । वनले दिएको पर्यटकको संख्या अनुसार आर्थिक वर्ष २०७८/०७९ मा ५० हजार दुई सय ३१ जना र आर्थिक वर्ष २०७९/०८० मा ६४ हजार २०० छ । तर, यस चालू आर्थिक वर्षमा भने अघिल्लो वर्षको तुलनामा पर्यटक कम हुने सम्भावना रहेको बन कार्यालयले जनाएको छ ।

केही वर्षअघिसम्म झापामा थोरै पर्यटकीय स्थलहरु भएको र प्राकृतिक रुपमा एकदमै मनमोहकको रुपमा जामुनखाडी सिमसार पर्यटकीय क्षेत्रमा बाह्य तथा आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको थियो । तर, अहिले त्यस्तो नरहेको अध्यक्ष गिरीको भनाइ छ । उनका अनुसार वडा, नगर, प्रदेश सरकार र संघीय सरकारमा पर्यटकीय क्षेत्रको विकासका लागि योजनासहितको प्रपोजल पेश गरिएको गिरीले बताए ।

यसअघि १७ वर्ष तीन महिना अध्यक्षको जिम्मेवारी सम्हालिसकेका गिरी पुन: करिब तीन महिनाअघि अध्यक्षमा निर्वाचित भएका थिए । अध्यक्ष गिरीको अघिल्ला कार्यकालमा उक्त पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको भीड हुने गरेको थियो । गिरी अध्यक्ष भएसँगै उक्त पर्यटकीय क्षेत्रको बिकास हुने स्थानीयहरुको विश्वास छ ।

अध्यक्ष गिरीले सुस्ताउँदै गएको जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्रलाई आफ्नो बलभुताले भ्याएसम्म विकास गर्ने योजना भएको बताएका छन् । पर्यटकीय क्षेत्रको विकाससँगै बन्यजन्तुको संरक्षण, सिमसार क्षेत्रको विकाससँगै उपभोक्ताहरुको आफू माथि धेरै आशा र अपेक्षा भएकाले उनीहरुको मनोभावना अनुसार सबैसँगको सहकार्य र सहयोग लिएर वन तथा त्यहाँ भएका वन्यजन्तुको संरक्षण गर्दै स्रोत र साधन अनुसार थप विकास गर्ने अध्यक्ष गिरीले बताएका छन् ।

# उद्घोषण तालिम



**अर्जुनधारा, असार १८।** अर्जुनधारा-७ नं. वडा कार्यालयको आयोजनामा सोमबारदेखि सात दिने उद्घोषण तालिम शुरु भएको छ ।

चालू आर्थिक वर्ष २०८०/०८१ को वडास्तरीय लक्षित कार्यक्रम अन्तर्गत वडाका विभिन्न संघ-संस्थामा आबद्ध महिलाहरुलाई सिप प्रदान गरी आत्मनिर्भर बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको वडाध्यक्ष गोविन्दप्रसाद खतिवडाले बताए ।

वडा कार्यालयको सभाहलमा सञ्चालन भएको तालिमको कार्यक्रमका अध्यक्ष एवम् वडाध्यक्ष खतिवडाले उद्घाटन गरेका थिए । पत्रकार अमित खम्बूले सहजीकरण गर्ने तालिममा ३० जनाको सहभागिता रहेको वडा सचिव सस्मिता लुइँटेलले जानकारी दिइन् ।

अर्जुनधारा नगरपालिकाका निवर्तमान कार्यपालिका सदस्य रमेशकुमार दर्जी, योग अभियन्ता महानन्द गौतम लगायतले मन्तव्य राखेको कार्यक्रमको सञ्चालन वडासदस्य हरिबहादुर कटुवालले गरेका थिए ।

